**निर्णय नं. १**

आर्थिक वर्ष २०७५।०७६ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको निमित स्थानीय कर तथा शुल्क संकलन गर्ने छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न बनेको आर्थिक विधेयक २०७५ र आ.व.०७५।०७६ को गाउँकार्यपालिका वडा समिति,विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निम्ति चालु खर्च, पुजीँगत खर्च र वितिय व्यवस्थाको रकम संचित कोषबाट खर्च गर्न बनेको विनियोजन विधेयक २०७५ लाई दोस्रो गाउँ सभाबाट स्वीकृत गर्ने निर्णय गरियो ।

# आर्थिक ऐन२०७५

**सम्सी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयक**

**प्रस्तावना:**सम्सी गाउँपालिकाको आर्थिक वर्ष २०७५/०७६ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २८८ को उपधारा (२) बमोजिम सम्सी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "आर्थिक ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन २०७५ साल श्रावण १ गतेदेखि सम्सीगाउँपालिकाक्षेत्रमा लागू हुनेछ ।

२. **सम्पतिकर:**गाउँपालिकाक्षेत्रभित्र अनुसूचि१ बमोजिमसम्पत्तिकर/घरजग्गाकरलगाइनेरअसूलउपरगरिनेछ।

३. **भूमि कर (मालपोत):**गाउँपालिका क्षेत्रभित्र अनुसूचि -२ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

४. **घर वहाल करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि-३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. **व्यवसाय करः** गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि-४ बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि - ५ बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. **सवारी साधन कर:**गाउँपालिकाक्षेत्रभित्र दर्ता भएकाप्रदेश कानुनबमोजिमकोसवारी साधनमा अनुसूचि- ६ बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन करः** गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि - ७ बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।प्रदेश कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. **मनोरन्जन करः** गाउँपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि - ८ बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि - ९ मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. **पार्किङ शुल्कः** गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि -१० बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. **सेवा शुल्क, दस्तुरः** गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि - ११ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. **पर्यटनस्थलप्रवेशशुल्कः**गाउँपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १२ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१४. **कर छुट :** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१५. **कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुने छ ।

अनुसूची १

सम्पति कर

| | | पुंजीरु | कर रु. |
|---|---|---|---|
| | सम्पति कर | रु १ देखि १००,००० सम्म | ३५/ |
| | | १००००१ देखि २००,००० सम्म | ६०/ |
| | | २००,००१ देखि ५००,००० सम्म | ११५/ |
| | | ५००,००१ देखि ७५०,००० सम्म | १५०/ |
| | | ७५०००१ देखि दश लाख रुपैया सम्म | २००/ |
| | | १००००००१ रुपैया देखि बीस लाख रुपैयासम्म | ३५०/ |
| | | २००००००१ रुपैया देखि तीस लाख रुपैयासम्म | ६००/ |

<u>अनुसूची -२</u>

भूमि कर (मालपोत) :

| क्र.सं | विवरण | दररेट |
|---|---|---|
| १ | खेति योग्य जग्गा प्रति कट्ठा | रू.५/ |
| २ | ग्राभेल भएको बाटोसंग छोएको प्रति कट्ठा | रू.१०/ |
| ३ | कालोपत्रे बाटोसंग छोएको प्रति कट्ठा | रू.२०/ |

<u>अनुसूची - ३</u>

घरवहाल कर:

गाउँपालिका क्षेत्र भित्रको घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना जग्गा वा पोखरी पुरै वा आंशिक रुपमा वहालमा दिएमा सम्बन्धित धनीवाट वहाल रकमको १० प्रतिशत घर वहालकर लिने ।

## अनुसूची -४

व्यवसाय कर : व्यवसाय कर निम्न अनुसार लिनेछ ।

| सि.न. | विवरण | श्रेणी वर्गिकरण | | |
|---|---|---|---|---|
| | | क (रू) | ख (रू) | ग (रू) |
| १ | होटेल□लज□रेष्टुरेन्ट<br>५ कोठा भन्दा बढी कोठा भएको लज तथा खाना भएको होटेललाई (क)<br>माछा मासु होटेल (क)<br>• लज मात्र भएको लजलाई (ख)<br>• साधारण खाना,नास्ता,लज भएकोलाई (ख)<br>• रेष्टूरेन्ट अथवा होटेल मात्र भएकोलाई (ग)<br>• १० कोठा भन्दा माथि ए.सी. भएको होटेल, रेष्टुरेन्टको रू. २०००।०० | १०००/ | ७००/ | ५००/ |
| २ | मासू पसल<br>• रांगाको समेत सवै प्रकारका मासू मात्र बेच्नेलाई (क)<br>• खसी र कूखुरा बेच्नेलाई (क)<br>• रांगा वाहेक खसी वोका सहितको मासू बेच्नेलाई (ख)<br>• रांगा खसी, वोका वाहेकको मासू मात्र बेच्ने लाई (ग) | १००० | ७०० | ५०० |
| ३ | मदिरा पसल<br>• ईजाजत प्राप्त थोक मदिरा पसललाई (क)<br>• ईजाजत प्राप्त खुद्रा मदिरा पसललाई (ख) | ६००० | ४००० | |
| ४ | कोल्ड्रिंक्स पसल | ५०० | | |
| ५ | सून चांदी गहना पसल<br>• आफनै सून चांदी लिई वनाउने र बेच्नेलाई (क)<br>• अरूको सून चांदी लिई वनाउनेलाई (ख) | १२०० | ७०० | |
| ६ | रेडियो□मोवाईल विक्री तथा मर्मत | ५०० | | |
| ७ | संचार सेवा | ५०० | | |
| ८ | घडि विक्री तथा मर्मत | २०० | | |
| ९ | केवल टि.भि.सेवा | ३६०० | | |
| १० | फोटो स्टूडियो<br>• कलर ल्यावलाई (क)<br>• फोटो स्टूडियोलाई (ख) | १००० | ५०० | |

| | | | | |
|---|---|---|---|---|
| ११ | ह्जाम | १०० | | |
| १२ | टेलरिंग | १०० | | |
| १३ | जूत्ता पसल<br>• जूत्ता सिलाई र बेच्नेलाई (क)<br>• जूत्ता मर्मत मात्र गर्नेलाई (ख) | ३०० | १५० | |
| १४ | मोटर वर्कशप<br>• गाडीको वडी वनाउने तथा मर्मत गर्ने (क)<br>• मोटरसाईकल सहित विभिन्न सवारी साधन मर्मत गर्ने (क)<br>• मोटरसाईकल मात्र मर्मत गर्नेलाई (ख)<br>• सम्पुर्ण सवारी साधन मर्मत र पार्टस बेच्नेलाई (क)<br>• सम्पुर्ण सवारी साधन मर्मत गर्नेलाई (ख)<br>• गाडीहरू मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• गाडी मर्मत मात्र गर्नेलाई (ग)<br>• मोटरसाईकल मर्मत र पार्टस बेच्नेलाई (ख)<br>• मोटरसाईकल मर्मत मात्र गर्नेलाई (ग) | १५०० | ८०० | ५०० |
| १५ | छापाखाना<br>• अपसेट प्रेसलाई (क)<br>• साधारण प्रेसलाई (ख) | २००० | १००० | |
| १६ | स्वास्थ्य सेवा<br>• अस्पताललाई (क)<br>• पोली क्लिनीकलाई (ख)<br>• थोक मेडिकललाई (ख)<br>• मेडिकललाई (ग) | ५००० | ३००० | २००० |
| १७ | मेटल वर्कशप | १००० | | |
| १८ | काष्ठ उद्योग<br>• काठ चिरानी मेशिन सहित काठहरूको विभिन्न फर्निचर र अरू काठहरूको झ्यालढोका आदी वनाउनेलाई (क)<br>• कूनै एक मात्र वनाउनेलाई (ख) | ५००० | २५०० | |
| १९ | ईटा भँ ा र ईटा डिपो<br>• ईटा भट्टालाई (क)<br>• ईटा डिपोलाई (ख) | १२००० | ७००० | |
| २० | कम्प्युटर ईन्टिच्युट | १००० | | |
| २१ | दाउरा डिपो | ५०० | | |
| २२ | पान पसल | २००।०<br>० | | |
| २३ | बेकरी उद्योग र बेकरी पसल<br>• उद्योगलाई (क) | १५०० | ८०० | |

| | | | | |
|---|---|---|---|---|
| | • पसललाई (ख) | | | |
| २४ | तरकारी र फलफूल पसल | ५०० | | |
| २५ | चिया पसल | ३०० | | |
| २६ | मिलहरू<br>• १० हर्ज पावर भन्दा माथिको क्षमताको मिललाई (क)<br>• सो भन्दा कम हर्ज पावर क्षमताको मिललाई (ख) | १००० | ६०० | |
| २७ | पेटोल पम्प | ५००० | | |
| २८ | साईकल भाडा तथा मर्मत | १५० | | |
| २९ | ठेकेदार<br>• नेपाल सरकारको ईजाजत प्राप्त क वर्गको ठेकेदारलाई (क)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ख वर्गको ठेकेदारलाई (ख)<br>• नेपाल सरकारको ईजाजत प्राप्त ग वर्गको ठेकेदारलाई (ग)<br>• नेपाल सरकारको ईजाजत प्राप्त घ वर्गको ठेकेदारलाई रू.१,५००।०० | ६००० | ३५०० | २५०० |
| ३० | कपडा पसल १० लाख भन्दा बढी पुंजी भएको (क)<br>५ लाख भन्दा १० लाख सम्म (ख)<br>५ लाख भन्दा कम पुजी भएको (ग) | २००० | १५०० | १००० |
| ३१ | किराना पसल<br>• थोक सहितको किराना पसललाई (क)<br>• पचासहजार भन्दा बढी लगानी भएको किराना पसललाई (ख)<br>• सो भन्दा कम लगानी भएको किराना पसललाई (ग) | १५०० | ५०० | ३०० |
| ३२ | खाद्य पसल<br>• थोक सहितको खाद्य पसललाई (क)<br>• खूद्रा मात्रको खाद्य पसललाई (ख) | १५०० | १००० | |
| ३३ | भांडा पसल<br>• धातू तथा प्लाष्टिकका भाड्डा तथा सामान बेच्नेलाई (क)<br>• धनुषा जिल्लामा उत्पादन भएको माटोको भाड्डा वाहेक अन्यत्रवाट ल्याएर विक्री गर्ने माटोको भाड्डा तथा सामान बेच्नेलाई (ख) | ५०० | २०० | |
| ३४ | चूरा धागो तथा श्रृ□ारका सामान पसल<br>• थोक सहितको पसललाई (क)<br>• पचासहजार भन्दा वढी लगानी भएको पसललाई (ख)<br>• सो भन्दा कम लगानी गर्ने पसललाई (ग) | ५०० | ३०० | १०० |
| ३५ | कूखुरा पालन | ३००० | २००० | |

| | | | | |
|---|---|---|---|---|
| | • एकहजार भन्दा वढी कूखुरा पाल्नेलाई (क)<br>• एकहजार भन्दा कम कूखुरा पाल्नेलाई (ख) | | | |
| ३६ | तैयारी पोशाक पसल | १००० | | |
| ३७ | तैयारी जूत्ता पसल | १००० | | |
| ३८ | दन्त क्लिनिक | १५०० | | |
| ३९ | हार्डवेयर पसल | २५०० | | |
| ४० | ईलेक्ट्रिक पसल | १५०० | | |
| ४१ | कानूनी फर्म | २००० | | |
| ४२ | साईन वोर्ड पेन्टी□ | ४०० | | |
| ४३ | फर्निचर एण्ड फर्निसिंग पसल | १००० | | |
| ४४ | स्टेशनरी पसल<br>• खेलकुदका सामग्री सहित भएकोलाई (क)<br>• स्टेशनरी मात्र भएको लाई (ख) | ५०० | ३०० | |
| ४५ | जडीवूटी खरिद विक्री पसल | १५०० | | |
| ४६ | लेखापरीक्षक | २५०० | | |
| ४७ | टेलिभिजन पसल | २००० | | |
| ४८ | अन्य उद्योग<br>• २० लाख भन्दा बढी लगानी भएकोलाई (क)<br>• एकलाख पचास हजार देखि २० लाख सम्म लगानी भएकोलाई (ख)<br>• एकलाख पचास हजार भन्दा कम लगानी भएकोलाई (ग) | १०००० | ४००० | १५०० |
| ४९ | विज्ञापन सेवा वा एजेन्ट | ५०० | | |
| ५० | पशू वधूशाला | १००० | | |
| ५१ | अन्तराष्ट्रि□य गैरसरकारी संस्था (शाखा कार्यालय समेत) | ५००० | | |
| ५२ | वित्तिय सेवा<br>• नेपाल सरकारको पुर्ण स्वामित्व रहेको वाहेक आर्थिक कारोवार गर्ने वाणिज्य वैंक (क)<br>• वित्तिय संस्थाको शाखा कार्यालय (ख)<br>• □ण तथा बचत सहकारी संस्था (ग) | १०००० | ७००० | २००० |
| ५३ | नीजि स्कुल | ६००० | | |
| ५४ | सिनेमा हल<br>• सिनेमा हललाई (क)<br>• भिडियो हललाई (ख) | ८००० | ५००० | |
| ५५ | चस्मा पसल | ५०० | | |
| ५६ | शिलाई मेशिन विक्री तथा मर्मत गर्ने पसल | ५०० | | |
| ५७ | रेफ्रिजेरेटर मर्मत | ५०० | | |
| ५८ | दूग्ध डिपो□पसल | ५०० | | |

| | | | | |
|---|---|---|---|---|
| ५९ | व्यूटि पार्लर | ५०० | | |
| ६० | सप्लायर्स | ३००० | | |
| ६१ | टेलिफोन टावर राखि संचार सेवा उपलव्ध गराउने संस्थालाई | ५००० | | |
| ६२ | जग्गा विकास□हाउजिं□ | १०००० | | |
| ६३ | म्यानपावर सेवा | ७००० | | |
| ६४ | क्याटेरि□ सेवा | २००० | | |
| ६५ | वित्तिय कारोवार वाहेक अन्य कारोवार गर्ने सहकारी संस्था, गैर सरकारी संस्था तथा प्रचलित दर्ता भएको अन्य संस्था सुचिकृतको लागि | १००० | | |
| ६६ | मार्वल □ टायल पसल | ६००० | | |
| ६७ | सवारी साधनको शो रूम<br>• गाडीको शोरूम (क)<br>• मोटरसाईकलको शोरूम (ख)<br>• टैक्टर तथा अन्य मेशिनरीको शोरूम (ग) | १०००० | ६००० | ४००० |
| ६८ | माथि उल्लेख भएको वाहेक अन्य व्यवशाय,सेवा आदीहरूमा स्थानीय स्वायत्त शासन नियमावली,२०५६ को अनूसूची १० को दफा १९ मा तोकिएको हद भित्र रहेर कर असूली गर्ने । | | | |
| ६९ | कृषि सामग्रीको पसल □ भेटेनरी सम्बन्धी पसल | ५०० | | |
| ७० | आईस क्रिम पसल | ३०० | | |
| ७१ | दाना उद्योग | ५००० | | |
| ७२ | तारजाली वनाउने उद्योग | ५००० | | |
| ७३ | कृषि व्यवशाय (वंगूर, माछा, गाई पालन) | ५००० | | |
| ७४ | नीजि कलेज | ८००० | | |
| ७५ | ब्लक उद्योग | १५०० | | |
| ७६ | मिनरल वाटर उद्योग | ५००० | | |
| ७८ | पानी टयांकर | ५०० | | |
| ७९ | ग्यास डिपो | ५००० | | |
| ८० | कोल्डस्टोर (शितभण्डार) | १०००० | | |

नोट :

१) यसमा डिलर, एजेन्ट, डिपो, सव डिलर आदी वाहेक अन्य पसल, उद्योग, व्यवशायको हकमा कसैले एउटै पसलमा धेरै आईटम राखि पसल वा व्यवशाय गरेको छ भने सवै आईटम मध्ये कुनै एकको मात्र कर लिने छ तर यसमा सवै आईटम मध्ये जुन आईटमको कर रकम वढी छ सोहीलाई कायम गरी कर असुल गरिनेछ ।

२) म्याद भित्र नवुझाउने कुनै पनि करदाताहरुवाट बुझाउनु पर्ने सम्पूर्ण व्यवशायकर र प्रतिवर्ष १० प्रतिशतका दरले जरिवाना सहित व्यवशायकर असुल गरिनेछ ।

अनुसूची ५

**जडीबुटी कवाडी जीवजन्तु कर** : प्रचलित नियमानुसार ।

अनुसूची ६

<u>सवारी साधन कर:</u>

(क) वार्षिक सवारीकर निम्न अनूसार लिने ।

| सि.नं. | विवरण | वार्षिक रू. |
|---|---|---|
| | **इ-रिक्सा** (नया दर्ता र नविकरण) | ५००।०० |

अनुसूची ७

१६ विज्ञापन कर : ठेक्का प्रकृया □रा विज्ञापनकर उठाउनको लागि देहाय अनूसार दररेट निर्धारण गरी विज्ञापनकर कर लिने ।

(क) सववोर्ड प्रति वर्गफिट रू. ४०□००
(ख) होडिंगवोर्ड प्रति वर्गफिट रू. ७५□००
(ग) ग्लोसाईनवोर्ड प्रति वर्गफिट रू. ९०□००
(घ) भित्तेलेखन□सटर पेन्टिंग प्रति वर्गफिट रू. २०□००
(ङ) ब्यानर प्रति हप्ता रू. १००□००
(च) पोलबोर्ड प्रति गोटा प्रति वर्ष रू. १,०००□००
(छ) डिजिटल बोर्ड प्रति वर्गफिट रू. २००□००

अनुसूची ८

२ <u>मनोरन्जन कर:</u>

प्रदेश कानुन बमोजिम।

| सि न | विवरण | दर |
|---|---|---|
| १ | चलचित्र प्रर्दशन गर्दा दर्शकहरुको प्रवेश शुल्कमा | ५% |
| २ | साँस्कृतिक प्रदर्शन,नाटकघर भिडियोघर,थियटर, पार्क आदिको प्रवेश शुल्कमा | ५% |
| ३ | तीन महिनासम्म जादु सर्कस मेला संचालन गराएबापत प्रतिदिन | रु १०० |

| | | |
|---|---|---|
| ४ | तीन महिना भन्दा बढी जादु सर्कस मेला वा मनोरंजन प्रदायक कार्यक्रम संचालन गराएबापत मासिक | रु ५००० |

अनुसूची ९

बहाल बिटौरी कर :

| | | |
|---|---|---|
| बहाल बिटौरी कर | टहरो छाप्रोकोमासिक | रु २00। |
| | घुम्ती मासिक | रु२00। |
| | ठेला मासिक | रु१00। |
| हाटबजार कर प्रति बजार | | |
| रू | | |
| खुद्रा किराना प्रति बजार | १५ | |
| खसी काट्ने बेच्ने प्रति गोटा | ५० | |
| हांस कुखुरा प्रति टेबल प्रति बजार | ५० | |
| मासु, माछा तथा खाजा खुद्रा बजारे व्यवसायी | ५० | |
| तरकारी थोक तथा प्रति टायर प्रति बजार | २५ | |
| तरकारी खुद्रा प्रति छैटी | १० | |
| खुद्रा परचुन पसल प्रति बजार | १० | |
| खुद्रा रेडिमेट कपडा पोशाक प्रति बजार | १० | |
| माछा विक्री पसल प्रति बजार | १० देखि ५० | |
| छैटा, टोकरी वेतवास भ्काडु पसल | १० | |
| पशु गाई भैंसी गोरू प्रति जोडा विक्री | ५०० | |
| खासी बाख्राी विक्री | २५ | |
| जुता, चप्पल पसल प्रति बजार | १५ | |
| सैलुन हजाम प्रति बजार घुम्ती | १० | |
| भुजा मुरी कचरा पसल प्रति बजार | १० | |
| मिठा विक्री खुद्राप्रति बजार | १० | |
| यसमा उल्लेख बाहेक खुद्रा पसल प्रति बजार | १० | |

अनुसूची १०

<u>पार्कि□ शूल्क :</u> पार्कि□ शूल्क निम्न अनूसार लिईनेछ ।

(क) गाउँपालिका क्षेत्र भित्र प्रवेश गर्ने सवारी साधनहरुलाई व्यवस्थित पार्किङ्गको व्यवस्था गरेमा सो स्थानमा पार्क गरे वापत बस, ट्रक, आदीमा एक पटकमा रु.१०।०० पार्किङ्ग शुल्क लिईने छ ।

(ख)कुनै पनि सवारी साधनले निजी स्वामित्वमा रहेको स्थानमा पार्किङ्ग गरेको अवस्था वाहेक गाउँपालिका क्षेत्र भित्रका सार्वजनिक स्थानहरु सडकको छेउ आदी स्थानमा १५ मिनेट भन्दा बढी समयको लागि पार्किङ्ग गरेमा प्रत्येक पटकमा रु.५।०० पार्किङ्ग शुल्क लिने छ । यस्तो शुल्क प्रत्येक २४ घण्टामा थप लाग्दै जाने छ ।

<u>अनुसूची ११</u>

<u>सेवा शुल्क तथा सिफारिस दस्तूर :</u>१) गाउँपालिकावाट उपलव्ध गराउने सिफारिसहरूको निम्न वमोजिम निवेदन फाराम दस्तूर र सिफारिस दस्तूर लिने ।

| सि.नं. | विवरण | सिफारिस दस्तूररू. |
|---|---|---|
| १ | नाता प्रमाणित | १००।०० |
| २ | धारा□विजूली | १००।०० |
| ३ | नाम, थर जन्ममिति वतन आदि सच्याउने | १५०।०० |
| ४ | जग्गा□मोही नामसारी□जग्गा दर्ता□गूठी□रैकर आदि | २५०।०० |
| ६ | जग्गा खरिद विक्रीमा घर,वाटो प्रमाणित | १००।०० |
| ७ | कालोपत्रे मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | २००।०० |
| ८ | अन्य मोटरवाटो भएको छ भनि गरिने सिफारिसमा | २००।०० |
| ९ | आयश्रोत प्रमाणितको सिफारिसमा वार्षिक आयको हिसावले | वार्षिक हुन आउने रकमको ०.१ प्रतिशतका दरले |
| १० | रूख काट्नको लागि सिफारिस दिंदा प्रति रूख | २५।०० |
| ११ | बहाल करको लेखा जोखा सिफारिस गर्ने | २००। |
| १२ | नागरिकता तथा नागरिकताको प्रतीलिपी सिफारिस | ५०। |
| १३ | बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने | २५०। |
| १४ | मोही लगत कटा सिफारीश | २५०। |
| १५ | घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने | २५०। |
| १६ | जन्ममिति प्रमाणित गर्ने | ५०। |
| १७ | व्यापार व्यवसाय संचालन वा बन्द भएको सिफारिश | ५००। |
| १८ | विवाह प्रमाणित तथा अविवाहित प्रमाणित | १००। |
| १९ | निःशुल्क वा सःशुल्क स्वास्थ्य उपचारको सिफारीस | निःशुल्क |
| २० | घर पाताल प्रमाणित | २५०। |
| २१ | व्यक्तिगत विवरण प्रमाणित गर्ने | २००। |
| २२ | जग्गाधनी दर्ता प्रमाणपुर्जामा घर कायम गर्न सिफारीश गर्ने | १००। |

| | | |
|---|---|---|
| २३ | आर्थिक अबस्था कमजोर वा सम्पन्न सम्बन्धी सिफारिश | १००। |
| २४ | कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिश गर्ने | २००। |
| २५ | नाम, थर, जन्म मिति संशोधनको सिफारिश गर्ने | २५०। |
| २६ | जग्गा धनी दर्ता प्रमाणपुर्जा हराइएको सिफारिश गर्ने | २००। |
| २७ | कित्ताकाट गर्न सिफारिश गर्ने, | १००। |
| २८ | संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तीगत संरक्षक सिफारिश गर्ने | संस्थागत ३००।<br>व्यक्तिगत १००। |
| २९ | जीवितसंगको नाता प्रमाणित गर्ने | १००। |
| ३० | मृतकसं[illegible]को नाता प्रमाणित तथा सर्जमिन सिफारिश गर्ने | २००। |
| ३१ | जीवित रहेको सिफारिश गर्ने | १००। |
| ३२ | हकवाला वा हकदार प्रमाणित गर्ने | २००। |
| ३३ | नामसारी गर्न सिफारिश गर्ने | १००। |
| ३४ | जग्गाको हक सम्बन्धमा सिफारिश गर्ने | ३००। |
| ३५ | उधोग ठाउसारी गर्न सिफारिश गर्ने | १०००। |
| ३६ | आधारभुत विधालय खोल्ने सिफारिश गर्ने | ५००। |
| ३७ | जग्गा मुल्या[illegible]न सिफारिश गर्ने | ०.१ प्रतिशत |
| ३८ | विधालयको कक्ष थप गर्न सिफारिश गर्ने | निजी बिधालय ५०० ।समुदायिक बिधालय २००। |
| ३९ | यसमा उल्लेख भएको बाहेक अन्य सिफारीस | १५०। |

नोट : क) योजनाहरू, छात्रवृत्ति, आर्थिक सहायता, निशूल्क स्वास्थ्य उपचार, दैवीप्रकोप र जेष्ठनागरिक भत्ता प्राप्तको लागि गरिने मन्जूरनामाको सिफारिस आदी सिफारिसमा सिफारिस दस्तुर छुट दिने ।

ख) यस गाउपालिकावाट गरिने सम्पत्ती मुल्यांकन र आयश्रोत प्रमाणित सिफारिस वाहेक अन्य सिफारिसमा अंग्रेजीवाट सिफारिस दिंदा तोकिएको सिफारिस दस्तुरमा थप सत प्रतिशत दस्तूर लिने ।

ग) यहा व्यवस्था नभएका अन्य सिफारिसको हकमा कार्यपालिकाले निर्णय गरेबमोजिम हूने छ ।

२) <u>सम्पति मूल्यांकन दस्तूर:</u> सम्पति मूल्यांकन दस्तूर मुल्यांकन कायम हुन आएको मुल्यको ०.१ प्रतिशतका दरले लिने ।

३) <u>घर निर्माण नक्सापास दस्तूर:</u> घर निर्माण नक्सापास दस्तुर निम्न वमोजिम लिने ।

क) निवेदन फाराम रू.१००।०० लिने

ख) ढलान गरी निर्माण गरिने घरलाई

प्रतिवर्गफिट भुईतल्ला रू. २।००, पहिलो तल्ला रू. ३।००, दोश्रो र सो भन्दा माथिको तल्लाहरूको रू.४।००, ढलान नगरी निर्माण गरिने घरलाई प्रति वर्गफिट रू. १।०० र माटोको जडान घर निर्माण गर्नेलाई प्रतिवर्गफिट रू.०.५० नक्सापास दस्तुर लिने ।

साथै भवन निर्माण सम्बन्धि नयाँ मापदण्ड नआउन्जेल सम्मलाई भवन निर्माण सम्बन्धि २०७२ मापदण्डलाई नै निरन्तरता दिने ।

ग) नक्सा नामसारी तथा नविकरण वापत प्रत्येक पटकको लागि रू.५००।०० दस्तुर लिने।

घ) साविक घरमा परिवर्तन नहुने गरी मर्मत गर्नु परेमा रू.१००।०० दस्तूर लिने ।

ङ) नक्सापास सम्बन्धी नक्सापास प्रमाणपत्रको रू.२००।०० र पास भएको नक्साको रू. ३००।०० दस्तूर लिई प्रतिलिपी दिने।

४) <u>चारकिल्ला प्रमाणित दस्तूर:</u> चारकिल्ला प्रमाणित सिफारिस दिंदा प्रति कित्ता निम्न वमोजिम क्षेत्रफल भएको जग्गाहरूमा निम्न वमोजिम सेवा शूल्क लिने ।

| सि.नं. | विवरण | रू. |
|---|---|---|
| १ | १ किता सम्मको जग्गाको | ५०।०० |
| २ | २ किता सम्मको जग्गाको | १००।०० |
| ३ | २किता भन्दा बढी ५ किता सम्मका | १५०।०० |
| ४ | ५ किता भन्दा बढी १० किता सम्मका | २००।०० |
| ५ | १० किता भन्दा बढी जतिसुकै भएपनि | २५०।०० |

५) <u>निवेदन दस्तूर :</u> कुनै पनि साधारण निवेदनहरूमा निवेदन दस्तुर लिईने छैन ।

६) यस गाउँपालिकामा कर, दस्तुर, महशुल आदी वुझाएको भनी लिएको प्रमाणपत्रहरु आदि हराएमा रु.५0।00 लिई अर्को प्रतिलिपी प्रमाणपत्र दिईनेछ ।

७) भाडा : यस गाउपालिकामा रहेको हल तथा प्रोजेक्टर प्रयोग गरे वापत प्रति दिन रू.५००।०० भाडा लिई उपलव्ध गराउने

**८)सार्वजनिक शौचालय :** नीजि क्षेत्र संग साझेदारी माध्यमवाट शुल्क निर्धारण गरी संचालन गर्ने ।

९)सरसफाई शूल्क :

| क्र.सं. | विवरण | न्युनतम |
|---|---|---|
| १ | आवासिय घर २ तला सम्म | १०० |
| २ | आवासिय घर २ तला माथी | १५० |
| ३ | होटल, लज सहितको व्यवसायिक | १००० |
| ४ | होटल, सानो चिया नास्ता | ३०० |
| ५ | मासु पसल रांगा / खसी | ३०० |
| ६ | मासु पसल कुखुरा | ४०० |

| | | |
|---|---|---|
| ७ | सैलुन | १०० |
| ८ | तरकारी, फलफुल | २०० |
| ९ | पान पसल | ५।०० |
| १० | माछा पसल | १०० |
| ११ | किराना होलसेल पसले | ४०० |
| १२ | किराना खुद्रा पसल | २०० |
| १३ | फेन्सी, मोबाईल, साईबर, कपडा, घडी पसल, चुरा धागो | १०० |
| १४ | सुन पसल | २०० |
| १५ | स्कुल, क्याम्पस सरकारी | २०० |
| १६ | स्कुल, क्याम्पस नीजि होस्टेल सहित | ५०० |
| १७ | स्कुल, क्याम्पस नीजि | ३०० |
| १८ | कार्यालय सरकारी | ३०० |
| १९ | कार्यालय नीजि, संघसंस्था | ४०० |
| २० | उद्योग ठुलो व्यवसायिक | १००० |
| २१ | उद्योग घरेलु, साना छाला जुत्ता, झोला | २०० |
| २२ | धान, च्यरा, तेल मिल आदि | ५०० |
| २३ | फर्निचर उद्योग | ४०० |
| २४ | बस, माइक्रो काउन्टर | २०० |
| २५ | हस्पीटल, पोलिक्लिनिक सुई सिरिन्ज बाहेक | १५०० |
| २६ | मेडिकल हल, एग्रो भेट | ५०० |
| २७ | कुखुरा फर्म ठुलो ५०० भन्दा बढी | ६०० |
| २८ | कुखुरा फर्म सानो ५०० भन्दा कम | ३०० |
| २९ | हार्डवयर, भाडापसल | ३०० |
| ३० | स्टेशनरी पसल | १०० |
| ३१ | कापी उद्योग, छापाखाना | ५०० |
| ३२ | मोटर वर्कशप | १००० |
| ३३ | साईकल, मोटरसाईकल वर्कशप | ५०० |
| ३४ | मोटर, मोटरसाईकल सोरुम | ३०० |
| ३५ | मेटल वर्कशप, मोटर पार्टस, वर्कशप | ४०० |
| ३६ | टायर रिसोलिङ | १००० |
| ३७ | बैंक | ५०० |
| ३८ | सहकारी संस्था | ३०० |
| ३९ | टेलरिङ पसल | ४०० |
| ४० | इट्टा विक्रि केन्द्र, भट्टा | २०० |
| ४१ | पेटोल पम्प | ३०० |
| ४२ | मदिरा पसल | ३०० |
| ४३ | टिभि, इलेक्टिक तथा मर्मत पसल | ४०० |
| ४४ | हस्तकला, आर्टस, प्लेक्स | २०० |
| ४५ | सिनेमा हल, पार्टी प्यालेस, क्याटरिङ | १००० |
| ४६ | दुध डिपो | ३०० |

| | | |
|---|---|---|
| ४७ | ब्युटी पार्लर | ३०० |
| ४८ | सिलाई मेसिन पसल तथा मर्मत | ३०० |
| ४९ | कुखुरा बाहेक कृषि फर्म | ३०० |
| ५० | अन्य | ३०० |

अनुसूची १२

**पर्यटनस्थलप्रवेशशुल्कः**गाउँपालिका अन्तर्गत रहेका पर्यटकीय स्थलहरुको गाउपालिका क्षेत्र भित्र भन्दा बाहिरका व्यक्ति हरुलाई प्रवेश शुल्क प्रति व्यक्ति रु.५/ लाग्नेछ|

# सम्सी गाउँपालिकाको विनियोजन ऐन, २०७५

## सम्सी गाउँपालिकाको आर्थिक बर्ष २०७५/२०७६ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चितकोषबाट केही रकमखर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमाव्यवस्था गर्न बनेको विधेयक

सभाबाट स्वीकृत मितिः २०७५/१०/०९

**प्रस्तावनाः**सम्सी गाउँपालिकाको आर्थिक बर्ष २०७५।०७६ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सम्सी गाउँ सभाले यो ऐन बनाएको छ ।

१.**संक्षिप्तनामर प्रारम्भः (१)**यस ऐनको नाम “सम्सी गाउँपालिकाको विनियोजन ऐन, २०७५” रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२.**आर्थिक वर्ष २०७५।०७६ को निमित्त सञ्चितकोषबाट रकमखर्च गर्ने अधिकार**: (१)आर्थिक वर्ष २०७४।०७५ को निमित्त गाउँकार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ३३४१३९०००।- (अक्षेरुपी  तेत्तीस करोड एकचालिस लाख उन्नचालिस हजार) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिने छ ।

(२) उपदफा १ मा जुनसुकै कुरा लेखिएतापनि जम्मा अनुमानित बजेट रकममा केही थपघट भए सोही अनुसार संचित कोपबाट खर्च गर्न सकिने छ ।

३. **विनियोजनः (१)** यस ऐन□रा सञ्चितकोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७५।०७६ को निमित्त सम्सी गाउँपालिको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिने छ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँकार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम

सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिने छ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएता पनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

## अनुसूचि-१

(दफा २ संग सम्बन्धित)

नेपालको संविधानको धारा २२९ (२) बमोजिम

संञ्चित कोषबाट विनियोजन हुने रकम

रु. हजारमा

| क्र.सं. | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगतखर्च | वित्तियव्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
| १ | | गाउँकार्यपालिका | ६१५२२ | १४८९२० | ० | २१०४४२ |
| २ | | वडा समिति | | | ० | |
| | | शसर्त अनुदान | | | | १२३६९७ |
| ३ | | बिषयगत शाखा | | ० | ० | |
| ४ | | ऋणको सावा व्याज भुक्तानी | ० | ० | ० | ० |
| ५ | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| | | कुल जम्मा | ६१५२२ | १४८९२० | ० | ३३४१३९ |

**निर्णय नं. २**

सम्सी गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७६ को नीति, कार्यक्रम तथा बजेट तर्जुमाका लागि विभिन्न मितिमा भएको वस्तीस्तरीय भेला,वडा समिति बैठक तथा विषयगत समिति बैठक कार्यक्रम तथा योजना तर्जुमा समिति हुदै गाउँकार्यपालिकाको बैठक बाट सिफारिस भएको र प्राप्त सुझावहरु समेत समेटिएको निम्नानुसारको नीति,कार्यक्रम तथा बजेट स्वीकृत गर्ने निर्णय गरियो ।

# सम्सी गाउँपालिकाका उपाध्यक्ष श्री नागिना देवी यादवबाट दोश्रो गाउँ सभामा प्रस्तुत गरिएको
# नीति, कार्यक्रम तथा बजेट
# २०७५।१०।०९ गते

श्री गाउँपालिका अध्यक्ष ज्यू,
गाउँसभा सचिवज्यू,
वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु,
गाउँ सभा सदस्यहरु,
लगायत राष्ट्रसेवक सम्पुर्ण कर्मचारीहरु,
एवम् सभामा उपस्थित अन्य महानुभावहरु,

सम्मानित यो दोस्रो गाउँ सभाको समारोहमा पाल्नु हुने गाउँपालिका अध्यक्ष ज्यू, गाउँसभाका सदस्य ज्यूहरु, राष्ट्रसेवक कर्मचारीहरु, लगायत सम्पूर्ण उपस्थित महानुभावहरुमा सम्सीगाउँपालिका र स्वयं आफ्नो तर्फबाट यहाँहरु सबैलाई हार्दिक स्वागत गर्दै न्यानो अभिवादन टक्रयाउन चाहन्छु ।

वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यस गरिमामय सभामा उभिई रहँदा मुलुकको प्रजातन्त्र, लोकतन्त्र हुँदै संघीय लोकतान्त्रीक गणतन्त्र राज्य स्थापना सम्मका बलिदानीपुर्ण आन्दोलनहरु र मधेश आन्दोलनमा त्यागका साथ प्राण उत्सर्ग गर्ने सम्पुर्ण ज्ञात अज्ञात वीर शहीदहरु प्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दै आन्दोलनका घाईते भएका नागरिकहरु प्रति उच्च सम्मान प्रकट गर्दछु ।

यस गाउँपालिकाको प्रथम गाउँ सभाबाट नीति कार्यक्रम तथा बजेट पारित भई कार्यान्वयनमा आए तापनि गाउँपालिकाको समग्र क्षेत्रको ऐन नियम तथा संस्थागत व्यवस्थाहरु पूर्ण भईनसकेको यस घडीमा आफुले जनता समक्ष गरेको प्रतिवद्धता र जनमतको कदर गर्दै सिमित श्रोत साधनका बाबजुद पनि बिकासका सबै क्षेत्रहरुलाई संम्बोधन गर्ने प्रयत्न गर्दैगाउँपालिकाको साधन श्रोतलाई सन्तुलित एबं न्यायोचित ढंगबाट वितरण गर्न हरसम्भव प्रयास गरेको छु ।

हाम्रो गाउँपालिकाको समग्र आर्थिक, सामाजिक विकास र प्रकृयालाई अघि बढाउन हाम्रा सामु थुप्रै चुनौति रहेका छन् । संघीयताको अभ्यास गरिरहेको हाम्रो मुलुकले अहिले **'राष्ट्रिय समृद्धि'** लाई एकमात्र मुल मन्त्र बनाएर अघि बढिरहेको छ । यसका लागि विकासको क्रममा पछाडि परेका वर्ग र

क्षेत्रलाई विकासको मुल प्रवाहमा समाहित गर्नु, स्थानिय स्तरमा रोजगारीका अवसरहरु बृद्धि गरी युवा जनशक्तिलाई स्वदेशमै केही गर्न सकिन्छ भन्ने आशाको संचार गराउनु, निर्वाहमुखी कृषि प्रणालीलाई व्यवसायीकरण गर्नु, कृषि पेशालाई अशिक्षित र गरिबको पेशाबाट सम्मानित पेशाको रुपमा रुपान्तरण गरि युवाहरुको संलग्नतालाई प्रोत्साहित गर्नु, उपलब्ध साधन श्रोतलाई उत्पादनशील क्षेत्रमा प्रवाहित गर्नु स्थानीयस्तरमा सुशासन प्रवर्द्धन गर्नु आदि विकास प्रकृयाका विद्यमान चुनौतीहरु हाम्रा सामु छन, यस मध्ये पनि हाम्रा लागि सवैभन्दा ठुलो चुनौति भनेको हाम्रो मानसिकतामा रहेको जातपात, छुवाछुत र भाग्यबाद चिन्तन नै **समृद्धि** का यात्रामा मुख्य बाधकका रुपमा रहेको हुँदा यसका लागि सचेतना कार्यक्रमलाई बिषेश जोड दिनुपर्ने आबश्यकता मैले देखेको छु ।

आदरणीय महानुभावहरु,

स्थानिय तहको निर्वाचन सम्पन्न भई जनप्रतिनिधिले पदभार ग्रहण गरेपछि गाउँबासीले अपेक्षा राखेको **"तिब्र बिकास र शिघ्र सेवा"** कतिपय नीतिगत अस्पष्टता र स्थानिय तहलाई प्रदान गरिएको जिम्मेवारी अनुसारको संस्थागत प्रबन्ध नहुँदा सन्तोषजनक रुपमा अघि बढन नसकेकोस्थिति हामी सबैले अनुभब गरेकैछौ । यसका लागि संबिधानले स्थानिय तहलाई एकल अधिकार अन्तर्गत तोकिएका २२ वटा बिषयहरुमा यसै आ. ब. भित्र कानून निर्माण गरि कार्यन्वयनमा ल्याउने र दक्ष जनशक्ति सहितको संस्थागत ब्यबस्था मिलाउन हामी सबै लागि पर्नुको सट्टा दोश्रो बिकल्प नभएको ब्यहोरा याँहाहरु समक्ष राख्न चाहन्छु ।

प्रस्तुत आ.ब.२०७५/७६ को यो नीति तथा कार्यकम तर्जुमा गर्दा नेपालको संबिधानको भावना, नेपालको चौधौ योजनाले परिलक्षित गरेका मार्गदर्शन, स्थानिय सरकार संचालन ऐन २०७४ ले गरेको दिशानिर्देशन, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट प्राप्त मार्गदर्शन, सहस्राब्दी बिकासका सूचकहरुले निर्धारण गरेका क्षेत्रहरु, नेपाल सरकारबाट प्रस्तुत भएको नीति तथा कार्यकम, प्रदेश नं.२ सरकारबाट प्रस्तुत नीति तथा कार्यकम र हाम्रा कार्यपालिका सदस्यहरुबाट प्राप्त सुझाबहरुलाई नै प्रमुख आधार मानी आगामी आ.ब.२०७५/०७६ को वार्षिक गाउँ बिकास योजना तर्जुमा गर्दा लिईने गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको **नीतिहरु** संक्षेपमा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**"सम्सी गाउंपालिकाकोविकास र समृद्धिको आधार शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार"** भन्ने मूल नारालाई स्थापित गराउनका लागि कार्य प्रारम्भ चालू आ.व.बाट नै गरिने छ ।

१. मुलभूत नीति तथा कार्यक्रमः

१स्थानीय तहको शासन संचालन गर्न अत्यावश्यक कानुनहरु तर्जुमा गरी सम्मानित गाउँसभा बाट पारित गराइ आम नागरिकलाई स्थानीय सरकारको उपस्थितिको आभाष दिलाइनेछ ।

२रचनात्मक तथा सकारात्मक सोचका साथ उन्नति प्रगति समृद्धि एवम विकासको प्रगति, दुर दृष्टि तय गरि योज्नावत तरिकाले अगाडी बढ्न गाउँपालिकाको विद्धुतीय प्रोफाइल (Electronic Profile)निर्माण गरी गाउँपालिकाको पञ्च वर्षीय गुरू योजना तयार गरिनेछ ।

३समृद्ध गाउँपालिका निर्माणका लागी सार्वजनिक, निजी र सहकारी क्षेत्रको भुमिकालाई प्रभावकारी बनाइनेछ ।गाउँपालिका भित्रका सम्पुर्ण सहकारी संस्थाहरुको लागत संकलन गरी सहकारीहरुको अनुगमन, सुपरिवेक्षण गरिनेछ ।

४बजेट विनियोजन गर्दा संविधानले निर्दिष्ट गरेको लक्ष, आम जनसमुदायको चाहना, अपेक्षालाई हासिल गर्ने गरी कार्यक्रम तय गरिनेछ ।

५कृषि क्षेत्रलाई गाउँपालिकाको उत्पादनको प्रमुख क्षेत्रको रुपमा विकास गरिनेछ । स्थानीय तरकारी सम्बर्धन र नर्सरी हरुलाई संरक्षण, फलफुल, नगदेवाली कृषि उत्पादन लाइ जोड दिई कृषि को आधुनिकीकरण र व्यवसायीकरण गर्दै कृषिमा आत्म निर्भर अर्थतन्त्र बनाउने जोड दिनु को साथै गुणस्तरीय तरकारी उत्पादन र बेचबिखन गर्न आवश्यक प्रबन्ध मिलाइनेछ ।

६विकासका कार्यहरुलाई परिणाममुखी बनाउन नतिजामा आधारित (Result Oriented) विकास गर्ने परिपाटी अवलम्वन गरिनेछ ।

७गाउँपालिकामा निर्माण हुने भौतिक पूर्वाधारहरुलाई गुणस्तर र प्रभावकारी बनाउन प्राविधिकरुपमा पूर्व सम्भाव्यता अध्ययनलाई अनिवार्य बनाइने छ ।

८बालविवाह एक समस्याका रुपमा रहेकाले बालविवाहका घटनाहरुलाई निरुत्साहित गर्नका लागि बाल क्लब, अन्य सामुदायिक सन्जालहरु र प्रहरी प्रशासनको समेत संलग्नतामा क्षमता विकास गर्ने कार्यक्रमहरुलाई प्राथमिकता दिइनेछ ।

९लैगिंक समानता, महिला सशक्तिकरण, लैंगिक मुलप्रवाहीकरण र महिला सहभागिता बृद्धि गर्ने नीतिलाई प्रोत्साहन गरिनेछ । संघीय सरकार मार्फत सञ्चालन हुने सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत भत्ता प्राप्त गर्ने व्यक्तिहरुको विवरण अनलाइन प्रणालीमा अद्यावधिक गरिनेछ । लाभग्राहीहरुको विवरण अनलाइन अद्यावधिक गर्नुका साथै सामाजिक सुरक्षा रकम बैकिंग प्रणालीमार्फत वितरण गर्नुका साथै समयमा नै उपलब्ध हुने व्यवस्था मिलाइनेछ र अशक्त, असहायहरुको हकमा मात्र घरमै बसी भत्ता थाप्ने व्यवस्थाको लागि विशेष पहल गरिनेछ ।

१०गाउँपालिकालाई वातावरणमैत्री, बालमैत्री, अपाङ्गमैत्री, लैङ्गिक हिंशा मुक्त बनाउने नीति अवलम्बन गरिनेछ ।

११गाउँपालिकाभित्र संचालित योजना तथा कार्यक्रमहरुको संयुक्त अनुगमन टोली (Joint Monitoring Team) गठन गरी सुपरिवेक्षण, अनुगमन तथा मुल्याङ्कनलाई प्रभावकारी रुपमा लागु गरिनेछ

१२गाउँपालिकाको नियमित प्रशासनिक सेवा प्रवाहलाई "मुस्कान सहितको सेवा "(Service With Smile) को नीति लिइनेछ ।

१३सेवाग्राहीहरुको गुनासो तथा उजुरीहरुलाई तत्कालैसुनुवाई (Rapid Response) गर्ने व्यवस्था गरिनेछ ।

१४पारदर्शिता, जवाफदेहिता, इमान्दारिता, कर्तव्यनिष्ठता साथ सेवा प्रवाहलाई सुशासनमैत्री, नागरिकमैत्री, भ्रष्टाचार रहित, बेरुजु रहित बनाइनेछ ।

१५प्रशासनिक काम कार्वाहीलाई सरल प्रभावकारी बनाउन निर्णय गर्ने तहलाई चुस्त दुरुस्त बनाइनेछ ।लामो र झन्झटिलो निर्णय प्रक्रियालाई घटाउदै एक द्वार सेवा प्रवाह प्रणाली अपनाइनेछ ।

१६आवधिक योजनाहरु विकास गर्नका लागि गाउँपालिकास्तरीय आवधिक योजना (Rural Municipality Periodic Plan) तर्जुमा गर्नका लागी आवश्यक पहल गरिनेछ ।

१७सामाजिक संघ संस्था संचालन कार्यविधि तयार गरी संघ संस्थाहरुको अनुगमन मुल्याङ्कन तथा सुपरिवेक्षण प्रकृयालाई कडाईका साथ लागु गरिनेछ । कार्यक्रम डुप्लिकेशन हुन नदिन विशेष व्यवस्था गरिनेछ ।

१८यस गाउँपालिका भित्र छरिएर रहेका साना, ठूला व्यवसायी, सहकारी, संघ संस्था, बिभिन्न कृषि समुह, महिला समुह, आमा समुह, क्लबहरुलाई सुचिकृत गरी आवश्यक अनुगमन, मुल्यांकन तथा सुपरिवेक्षण गरिनेछ ।

१९गाउँपालिका क्षेत्र भित्र कुनै पनि संस्थाले तालिम सेमिनार,गोष्ठी गर्नु परेमा गाउँपालिकाको समर्थन लिनु पर्नेछ ।

२०रसायन मुक्त क्षेत्र घोषणा गर्न पूर्वाधार तयार गरिनेछ ।

२१"आफ्नो वडा, आफैं बनाउँ" भन्ने मूल नीति अवलम्बन गरिनेछ ।

२२गाउँपालिका भित्र संचालन हुने विकास निर्माणको योजनाहरूमा ३% प्राविधिक खर्च (Contingency Cost) काटिनेछ ।

२३गाउँपालिका भित्र संचालनमा रहेका योजनाहरुको विशेष अनुगमन सुपरिवेक्षण तथा मुल्यांकन गरी योजना सम्झौता बमोजिम कार्यन्वयन नगर्ने कम्पनीठेकेदार निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुलाई कानूनको दायरामा ल्याई कारवाही प्रक्रिया अगाडी बढाइने छ ।

२४अति विपन्न, सिमान्तकृत परिवारका दुर्घटनामा परी अभिभावक गुमाएका, बेपत्ता तथा सहीद परिवारका बालबालीकाहरूलाई विद्यालय पठाउनका लागि आवश्यक पाठ्य सामग्रिको व्यवस्था मिलाईने छ । बालबालीकालाई बिद्यालय नपठाउने व्यक्तिहरूलाई गाउंपालिकाले प्रदान गर्ने सार्वजनिक सेवा (जस्तै सामाजिक सुरक्षा भत्ता र सबै प्रकारका सिफारीसहरू) बाट बन्चित गरीनेछ ।

२५लैंगीक हिंसा न्यूनीकरणका निमित्त कार्यक्रम संचालन गरीने छ भने सो कार्यका लागि वडा कार्यालयहरूलाई परिचालन गरीनेछ । बाल बिवाह, बहुविवाह, अनमेल विवाह जस्ता कुरीतिहरूलाई अन्त्य गर्नका लागि पहल गरीने छ ।

२६बेपत्ता तथा शहीद परीवारलाई आयमूलक कार्यमा सहभागिता गराउने नीति अबलम्बन गरी निजहरूको आर्थिक सामाजिक जीवनलाई सहज बनाउनका लागि विशेष कार्यक्रम संचालन गरीने छ ।

२७गाउंपालिकाले एकल महिलाहरूको संरक्षण र सुरक्षा गर्ने नीति अबलम्बन गर्नेछ । जसका लागि गाउंपालिकाकाले आत्मनिर्भर तथा स्वरोजगारमूलक कार्यक्रम संचालनका लागि कार्यक्रमको प्रकृति र प्रभावकारीता हेरी अनुदान दिने नीति अबलम्बन गरीने छ ।पछाडी परेका महिलाहरूको सशक्तिकरणकालागि विशेष कार्यक्रम सञ्चालन गरीनेछ ।

२८महिला स्वास्थ्य स्वयमसेवीकाको क्षमता विकास र प्रोत्साहनका लागि विशेष भत्ता व्यवस्था गरीनेछ ।

२९विद्यालयमा भर्ना भएका किशोरीहरूको ड्रपआउट दरलाई न्यूनिकरण गर्न वडा मार्फत चेतना तथा सशक्तिकरणका कार्यक्रम सञ्चालन गरीनेछ ।

३०अपांगता सम्बन्धि जुनसुकै सिफारीस निशुल्क रूपमा प्रदान गरीने छ ।

३१गाउपालिकाबाट प्रवाह हुने सेवामा अपांगता तथा जेष्ठ नागरिकहरूलाई पहिलो प्राथमिकता दिईनेछ ।

३२दलित तथा सिमान्तकृत समुदायको सशक्तिकरण र क्षमता विकासमा विशेष जोड दिईनेछ ।

३३यस क्षेत्र भित्र छुवाछुत, जातीय भेदभाव लाई उन्मूलन गर्ने गरी विशेष कार्यक्रमहरू तय गरी लागू गरीनेछ ।

३४धार्मिक अनुष्ठान तथा अन्य कार्यक्रमहरू संचालन गर्दा गराउंदा ध्वनी प्रदुषण नहुने प्रबन्ध गर्न सम्बन्धित पक्षलाई सचेत गराईने छ ।

३५निर्माण सामाग्रि जस्तै गिर्ि, बालुवा, ढुंगा, ईटा, रड आदि सार्वजनिक आवागमन हुने सडकमा नराख्ने प्रबन्ध गर्ने नीति अंगिकार गरीनेछ ।

३६एक वडामा कम्तिमा एक पोखरीको अभियानलाई सञ्चालन गरीनेछ भने सार्वजनिक स्थानमा रहेका पोखरीहरूको संरक्षण र विकासमा जोड दिईनेछ ।

# क) आर्थिक क्षेत्र

**कृषि विकास सम्वन्धी**

- ❖ व्यवसायिक खेती तथा नगदेबाली प्रवर्द्धन गर्ने आयोजनाहरु संचालन गरि कृषि व्यवसाय प्रवर्द्धनका माध्यमबाट रोजगारी सिर्जना गर्न जोड दिइने छ ।
- ❖ कृषकको खेतको माटो परिक्षण गरि माटो सुहाउदो कृषि प्रणालीलाई बढावा दिइने छ ।
- ❖ सम्सी गाउँपालिकालाई कृषि पकेट क्षेत्रको रुपमा विकास गरिने छ ।
- ❖ सिंचाइका लागि आवश्यक व्यवस्था साथै कृषि विद्युतीकरणलाई प्राथमिकता दिइनेछ ।
- ❖ कृषि व्यवसायको प्रवर्द्धन र विकास गर्नको लागि कृषि सहकारी संग समन्वय गर्ने नीती लिइने छ ।
- ❖ सिचाईको लागि भूमिगत जलस्रोतको उपयोगमा बढावा दिइने छ ।
- ❖ कृषकहरुलाई प्रागांरिक तथा वर्मिक मल प्रयोग गर्न प्रोत्साहन गरिने छ ।
- ❖ कृषिमा विषादीको प्रयोग न्यूनिकरण गरी रोग रोकथामको वैकल्पिक उपायहरुको प्रयोग गर्ने नीति अवलम्वन गरिनेछ ।
- ❖ कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन गर्ने नीति लिईनेछ ।
- ❖ कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण गर्ने नीति लिईनेछ ।
- ❖ कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने नीति लिईनेछ ।
- ❖ कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन गर्ने नीति लिईनेछ ।
- ❖ कृषिसम्वन्धी वीमा र कर्जा सहजीकरण गर्ने नीति लिईनेछ ।
- ❖ कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण गर्ने नीति लिईनेछ ।
- ❖ उच्च गुणस्तरीय कृषि बीउविजन, उन्नत नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन गर्ने नीति लिईनेछ ।

**पशु विकास सम्वन्धी**

- ❖ कृषकहरुमा सिप हस्तान्तरणद्धारा आधुनिक पशुपालन पद्धतिको बिकास गर्दै लैजाने नीति लिइने छ ।
- ❖ पशुपालन क्षेत्रको ब्यवसायीकरणलाई प्रोत्साहन गर्ने कार्यक्रम संचालनमा अग्रसरता लिइने छ ।

- ❖ पशुजन्य पदार्थ उत्पादनमा आत्मनिर्भर बनाउन जोड दिईने छ ।
- ❖ उन्नत पशुपालन, पशु विमा, गोठ सुधार जस्ता कार्यक्रमहरु संचालनमा विशेष पहल गरिनेछ ।

**पर्यटन/संस्कृति सम्वन्धी**

- ❖ पर्यटकीय गाउँपालिकाको रुपमा विकास गर्नको लागि आवश्यक क्षेत्रहरुको पहिचान गरि विकास गरिनेछ ।
- ❖ पर्यटनको क्षेत्रमा पर्यटकीय क्षेत्रको समुचित विकास एवं प्रवर्द्धन गर्ने र परम्परागत कला/संस्कृतिको संरक्षणमा विशेष ध्यान दिइने छ ।
- ❖ गाउँपालिका भित्र रहेका मठ मन्दिर तथा मस्जिदको संरक्षण तथा सुधार गरिनेछ ।

# ख) सामाजिक क्षेत्र

**शिक्षा सम्वन्धी**

- ❖ बालविकास केन्द्रहरुलाई सुव्यवस्थित ढङ्गले सञ्चालन गरी वाल विकास केन्द्र मार्फत कक्षा १ मा भर्ना हुने दरमा वृद्धि गरिने छ ।
- ❖ विद्यालय जाने उमेरका बालवालिकाको शतप्रतिशत भर्नादर कायम गर्न प्रोत्साहन गर्ने नीति अवलम्वन गरिने छ ।
- ❖ गाउँपालिका भित्र कक्षा ९ मा अध्ययनरत छात्राहरुलाई साईकल वितरण कार्यक्रमलाई निरन्तरता दिइनेछ ।साथै कक्षा १० मा अध्ययनरत विधार्थीहरुलाई झोला वितरण कार्यक्रम शुरु गरिनेछ ।
- ❖ शिक्षासंग सम्वन्धित कार्य गर्ने गैरसरकारी संघसंस्थाहरुसँग समन्वय गरि यस गाउँपालिकाको शैक्षिक विकासमा एकिकृत कार्यक्रम सञ्चालन गरिने छ ।
- ❖ कक्षाकोठाको शिक्षण सिकाईलाई प्रभावकारी वनाउन शिक्षकहरुको क्षमता अभिवृद्धि जस्ता कार्यक्रमहरु वा तालिम सञ्चालन गरिने छ ।
- ❖ निजी तथा सार्वजनिक शैक्षिक क्षेत्रको अनुगमन प्रणालीलाई प्रभावकारी वनाउदै लगिनेछ तथा नाम मात्रका शैक्षिक संस्थालाई निरुत्साहित गरिनेछ ।
- ❖ उत्कृष्ट शैक्षिक संस्था तथा शिक्षकहरु तथा विद्यार्थीहरुलाई पुरष्कृत गरिनेछ ।
- ❖ गाउँ शिक्षा ऐन, नियम र योजनाको तर्जुमा गरी कार्यविधि र मापदण्ड समेत निर्माण गरिनेछ ।
- ❖ प्रत्येक विधालयमा पुस्ताकालय स्थापना तथा संचालन गर्ने नीति लिइनेछ ।

**स्वास्थ्य सम्बन्धी**

- ❖ आम सम्सीवासीहरुको “हाम्रो स्वास्थ्य राम्रो स्वास्थ्य” प्राप्ती गर्ने नीतिलाई अवलम्वन गरिनेछ ।

- ❖ प्रतिकारात्मक, प्रवर्द्धनात्मक तथा उपचारात्मक स्वास्थ्य सेवालाई पहिलो प्राथमिकता दिईनेछ ।
- ❖ जनस्वास्थ्यसँग सम्बन्धित क्रियाकलापहरु सञ्चालन गर्न निजी क्षेत्र एवं गै.स.स. हरुसंग समन्वय गरी प्रोत्साहित गरिनेछ ।
- ❖ योगाभ्यासलाई पञ्चकर्म तथा आर्युवेदिक चिकित्सा पद्धतिलाई प्रोत्साहन गरिने छ ।
- ❖ स्वास्थ्य संस्थाहरुमा बर्षै भरि पुग्ने औषधी तथा उपकरणको लागि बजेट व्यवस्थापन गरी आपूर्ति व्यवस्थालाई सहज बनाईनेछ ।
- ❖ पूर्ण खोप घोषणा तथा निरन्तरताको लागि थप कार्यक्रम ल्याइनेछ ।
- ❖ खोप केन्द्र तथा गाउँघर क्लिनिकलाई आवश्कता अनुसार विकास र विस्तार गर्दै लगिनेछ ।
- ❖ निजी तथा सार्वजनिक स्वास्थ्य संस्थाको अनुगमन प्रणालीलाई प्रभावकारी वनाउदै लगिनेछ ।
- ❖ स्वास्थ्य स्वयम सेविकाहरुलाई आम जनस्वास्थ्य प्रति वढी भन्दा वढी उत्तरदायित्व वहन गराउने नीति लिइने छ ।
- ❖ रक्तदान जीवन दान भन्ने नारालाई साकार पार्न रक्तदान कार्यक्रमलाई प्रोत्साहन गरिने छ ।
- ❖ नसर्ने रोगको वारे जनचेतना तथा स्वास्थ्य शिक्षामा विशेष जोड दिइने छ ।
- ❖ चालु आ.व. मा बर्थिगं सेन्टर लाई विस्तार गरिने छ ।
- ❖ स्वास्थ्य सेवामा महिलाहरुको पहुँच तथा बच्चा जन्माउन अस्पताल नै जानुपर्ने कुरालाइ हृदय गमन गरि त्यसलाई प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।
- ❖ पोषण लक्षित कार्यक्रमहरु संचालन गरी दलित, जनजाति तथा विपन्न वर्गका जनताहरुलाई कुपोषण हुनबाट जोगाई यस गाउँपालिकाको आर्थिक वृद्धिदरमा बढोतरी गरिनेछ ।

**<u>महिला सशक्तिकरण सम्वन्धी</u>**

- ❖ विपन्न तथा पिछडिएका वर्ग तथा एकल महिलाहरुलाई लक्षित गरी समग्र महिलाहरुको सशक्तिकरण सम्बन्धी कार्यक्रमहरु संचालन गरिनेछ ।
- ❖ निर्णय प्रकृयामा महिलाहरुको सहभागिता प्रवर्द्धन गर्ने कार्यक्रमहरु संचालन गरी सहभागिताको सुनिश्चितता गरिनेछ ।
- ❖ महिलाहरुको सिप विकास तथा क्षमता अभिबृद्धि गरी आर्थिक रुपमा आत्मनिर्भर वनाउने नीति अवलम्बन गरिने छ ।
- ❖ गाउँपालिका तथा अन्य संघसंस्थाबाट संचालन हुने योजना तथा कार्यक्रमहरुमा महिलाहरुको सकृय सहभागिताको सुनिश्चित गरिनेछ ।
- ❖ समाजमा हुने महिला हिंसालाई न्यूनिकरण गर्ने कार्यक्रमहरु संचालन गरिने छ ।
- ❖ समाजमा कुरीतिको रुपमा रहेको दाइजो प्रथालाई निरुत्साहित गर्ने नीति लिइने छ ।

**<u>अपांगता सम्बन्धी</u>**

- ❖ सवै प्रकारका अपाङ्गता भएका व्यक्तिहरुको क्षमता विकास एवं उनीहरुको सामाजिक सुरक्षा व्यवस्थालाई प्रभावकारी वनाउदै लैजाने नीति लिइनेछ ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरुको सम्पर्क हुने सवै भौतिक संरचनालाई अपाङ्गमैत्री वनाउदै लगिने छ ।
- ❖ अपाङ्गता भएका व्यक्तिहरुको स्वावलम्वी संस्थाहरु एवं समूहको दिगो विकास गर्ने उपायहरुको अवलम्वन गरिने छ ।

**जेष्ठ नागरिक सम्बन्धी**

- ❖ जेष्ठ नागरिकहरुको सामाजिक पहिचान, सम्मान एवं सामाजिक सुरक्षामा विशेष जोड दिने नीति लिइनेछ ।
- ❖ ज्येष्ठ नागरिकको अनुभव एवं सुझाव सल्लाहलाई सम्पत्तीको रुपमा लिईनेछ ।

**दलित, अल्पसंख्यक एवं आदिवासी जनजाति सम्बन्धी**

- ❖ दलित तथा जनजातिका परम्परागत सीप, संस्कृति र भाषाको संरक्षण गर्ने नीति लिइनेछ ।
- ❖ दलित, एवं आदिवासी जनजातिको हक अधिकारको प्रवर्द्धन, निर्णय प्रकृयामा सहभागिता वृद्धि गर्दै सशक्तिकरणका कार्यक्रमहरु संचालन गरिने छन् ।
- ❖ अल्पसंख्यक जातजातीको हक अधिकारको सुरक्षाको प्रत्याभूति गर्ने नीति अवलम्वन गरिनेछ ।
- ❖ दलित,अल्पसंख्यक तथा आदिवासीलाई स्वाबलम्बन एवं आत्मनिर्भर बनाउने नीति लिइनेछ ।

**वालवालिका सम्बन्धी**

- ❖ वालमैत्री स्थानीय शासनको अवधारणालाई संस्थागत एवं विस्तार गर्ने नीति लिइनेछ ।
- ❖ वालवालिका सम्बन्धी बाल क्लव संजाल एवं वालवालिकाको क्षमता विकासका कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- ❖ बालबालिकाहरुको सम्पर्क हुने सवै भौतिक संरचनालाई बालमैत्री वनाउदै लगिने छ ।
- ❖ यस गाउँपालिकालाई वालविवाह मुक्त गाउंपालिका घोषणा गर्न आवश्यक कार्यक्रमहरु संचालन गरिनेछ ।

**युवा तथा खेलकुद सम्बन्धी**

- ❖ युवाहरुको लागि क्षमता विकास एवं स्वरोजगारी सिर्जनामा जोड दिई युवाहरुको बिदेश पलायनको मात्रालाई न्युनिकरण गरिने छ ।
- ❖ स्थानीय स्वरोजगारको लागि सिपमुलक तालिम संचालन गरिनेछ ।
- ❖ जिल्ला स्तरीय तथा बडास्तरका प्रतियोगितात्मक खेलकुदका कार्यक्रम संचालन गरिने छ ।

❖ खेल र खेलाडीहरुलाई उत्पादन गर्न आवश्यक खेलकुदका सामाग्रीको व्यवस्था मिलाइने छ ।

# ग) पूर्वाधार क्षेत्र

**सडक/पुल निर्माण सम्वन्धी**

- ❖ यसै बर्षमा गाउँपालिका भीत्र रिङ्ग रोडको डि.पि.आर. तयार गरिनेछ ।
- ❖ गाउँपालिका केन्द्र देखी वडा कार्यालयहरु जोडने सवै सडकहरु स्तर उन्नती गरिने छ ।
- ❖ जनतालाई सहज रुपमा आवतजावतको लागि सवै वडाहरुमा सडक मर्मत तथा स्तरोन्नतीकार्य लाई जोड दिईनेछ ।
- ❖ विभिन्न सडकहरुको सडक अधिकार क्षेत्रभित्र अतिक्रमण गर्ने प्रवृत्तिलाई निरुत्साहित तथा कारवाही गरिनेछ ।
- ❖ गाउँपालिकाले पुर्वाधार विकासको लागि यसै आ.व.भित्र एउटा JCB र ट्रेक्टर १एक वटा खरिद गरिनेछ ।

**खानेपानी तथा सरसफाई सम्बन्धी**

- ❖ यस गाउँपालिकालाई पूर्ण सरसफाई युक्त तुल्याउने कार्यक्रम संचालन गरी सरसफाइमा नमूना गाउँपालिकाको रुपमा स्थापित गरिने छ ।
- ❖ फोहोरमैलाको उचित व्यवस्थापनको लागि फोहोर फाल्ने क्षेत्रको पहिचान गरिनेछ ।
- ❖ वजार क्षेत्रमा सार्वजनिक शौचालयको निर्माण गरिने छ ।
- ❖ स्वच्छ एवं गुणस्तरीय खानेपानीको आपूर्तिलाई व्यवस्थित गर्नसार्वजनिक स्थानमा ट्युववेल जडान गरी प्रयाप्त खानेपानीको आपुर्ति गर्ने व्यवस्था मिलाइने छ ।
- ❖ खानेपानीको सही प्रयोग तथा सरसफाई सम्बन्धी जनचेतनामुलक कार्यक्रमलाई जोड दिइनेछ ।

**उर्जा एवं विद्युतिकरण सम्वन्धी**

- ❖ वजार क्षेत्र तथा आवश्यक ठाउँमा पोलबत्ती तथा सोलार बत्ती जडानलाई प्राथमिकता दिइनेछ ।
- ❖ सवै जनतालाई विद्युत सेवामा पहुँच पुऱ्याई विद्युत सेवा सहज रुपमा उपलब्ध गराउन ग्रामिण विद्युतिकरण गर्ने कार्यलाई प्राथमिकताका साथ कार्यान्वयन गरिने छ ।
- ❖ स्थानीय तहमा वैकल्पीक उर्जाका स्रोतहरुलाई खोजी गर्न जोड दिईनेछ ।

# घ) वातावरण तथा विपद् व्यवस्थापन सम्बन्धी

**वन तथा वातावरण सम्वन्धी**

- ❖ सम्सी गाउँपालिकाका मुख्य सडकहरुमा हरित सडक पेटीको रुपमा विकास गर्दै लगिने छ ।

❖ नेपाल सरकारको, ऐलानी जग्गा तथा सार्वजनिक जग्गाको अतिक्रमणलाई निरुत्साहित गरि बृक्षा रोपन गरिने छ ।

**विपद व्यवस्थापन सम्वन्धी**

❖ स्थानीय स्तरमा विपद जोखिम न्यूनिकरणका लागि सरोकारवालाहरुको सहयोगमा अध्ययन गरी पूर्वतयारीका लागि उचित नीति अवलम्बन गरिने छ ।

❖ विपद व्यवस्थापन कोष संचालनमा ल्याइ रकम थप गरिनेछ।

# ङ) संस्थागत विकास, सेवा प्रवाह र सुशासन

**गै.स.स., निजी क्षेत्र एवं नागरिक समाज सम्बन्धी**

❖ गाउँको विकासमा उत्कृष्ट योगदान गर्ने उपभोक्ता समिति, संचार प्रतिष्ठान एवं संचारकर्मी, गै.स.स., नागरिक समाजको अभिलेखीकरण गरी सम्मान गर्ने, सहकार्य गर्ने साथै सुशासन प्रवर्द्धनमा साझेदारी गरिनेछ ।

❖ निजी क्षेत्रको साझेदारी मार्फत दिगो विकासका लागि सहकार्य गर्ने पद्धतिलाई वढावा दिइने छ।

**सूचना तथासंचार प्रविधि सम्बन्धी**

❖ सुचना प्रविधिको युगको रुपमा रहेको वर्तमान विश्व परिवेश अनुरुप गाउँपालिका र यसका वडाहरुको कार्य प्रणाली र अभिलेखहरुलाई कम्प्युटर पद्धतिमा रुपान्तरण गरि सेवा प्रवाहलाई चुस्त, दुरुस्त र छरितो गरिने छ ।

❖ गाउँपालिकालाई प्रविधिमैत्री बनाउँदै लगि विद्युतीय शासन प्रवर्द्धनमा जोड दिइने छ ।

❖ जनताको चासो रहने कृयाकलापहरुलाई पत्रपत्रिका, सुचनापाटी, वेभसाइट मार्फत सार्वजनिकीकरण गरिने छ ।

❖ सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता अभिलेख online system मार्फत गरिनेछ ।

**संगठन तथा प्रशासन सम्बन्धी**

- ❖ कार्यालयबाट जनतालाई उपलब्ध गराईने सेवा सुविधाको विस्तृत विवरण समावेश भएको नागरिक वडापत्र समयानुकूल अद्यावधिक गरी लागू गरिनेछ ।
- ❖ गाउँपालिका भित्र संचालित विकास निर्माण लगायत सबै कार्यक्रमको नियमित अनुगमन गर्ने, प्रगति समीक्षा गर्ने आवश्यक समन्वयात्मक बैठक गर्ने, सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण मार्फत सुशासन अभिवृद्धिमा जोड दिईनेछ ।
- ❖ गाउँपालिका सबै सूचनाहरु वेवसाईट, सामाजिक संजाल पेज, रेडियो तथा पत्र पत्रिकामा निरन्तर प्रकाशन तथा प्रसारण गर्ने व्यवस्था मिलाईनेछ ।
- ❖ कार्यालयको प्रशासनिक तथा भौतिक अवस्थालाई क्रमशः सुदृढ गर्दै लगिनेछ ।
- ❖ कर्मचारीहरुको मनोवल उच्च बनाई नतिजामुखी कार्यको लागि प्रोत्साहन प्रणालीको विकास तथा स्थानीय भत्ताको व्यवस्था गरिनेछ ।
- ❖ कर्मचारीहरुलाई काम प्रति बढी जिम्मेवार बनाई प्रोत्साहन गर्न उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीहरुलाई पुरस्कृत गरिनेछ ।
- ❖ कर्मचारीहरुलाई सेवाग्राहीप्रति उत्तरदायी बनाई सहज रुपमा सेवा प्रवाह गर्ने व्यवस्था मिलाईनेछ ।
- ❖ कार्यालयका कर्मचारीहरुमा स्वच्छ आचरणको निर्माण गरी सेवाग्राही प्रति सम्मानपुर्ण व्यवहार गर्ने नीतिलाई निरन्तरता दिईनेछ ।
- ❖ निर्वाचित पदाधिकारी तथा कर्मचारीहरुको क्षमता बृद्धिका लागि समय समयमा आवश्यक तालिम तथा प्रशिक्षण दिइनेछ ।

## सामाजिक शान्ति सुरक्षा तथा सुव्यवस्था सम्बन्धि

- ❖ समाजमा शान्ति सुरक्षा कायम गराउन तथा सामाजिक सदभाव अभिवृद्धि गर्ने नीति लिइनेछ ।
- ❖ समाजमा हुने आपसी कलह तथा द्वन्द न्यूनीकरणका लागि न्यायिक समिति मार्फत संबोधन गरिनेछ ।
- ❖ न्यायिक समितीको क्षमता अभिबृद्धि गरी सामाजिक सदभावका लागि परिचालन गरिने नीति गाउँपालिकाले अवलम्बन गर्नेछ ।

## वित्तीय व्यवस्थापन तथा सुशासन

- ❖ गाउँपालिकाको आयश्रोत अभिवृद्धिका लागि गाउँपालिका भित्र रहेका बजार पोखरी डिल तथा अन्य सार्वजनिक सम्पतिहरु ठेक्का लगाईने छ ।
- ❖ उत्कृष्ठ करदाताहरुलाई सम्मान तथा पुरस्कृत गर्ने नितिलाई निरन्तरता दिईनेछ ।
- ❖ राजश्व संकलनको प्रक्रियामा आधुनिक प्रविधिको उच्चतम प्रयोग गरी करको रकमलाई पारदर्शिता र विश्वसनीयताका रुपमा कायम गरिनेछ ।
- ❖ सम्सी गाउँपालिकाबाट प्रदान गरिने सम्पुर्ण सेवाहरुलाई कर चुक्तासँग आबद्ध गर्दै लगिनेछ।
- ❖ अनावश्यक खर्च नियन्त्रण गरिनेछ ।

**उपस्थित महानुभावहरु :**

अब म आय व्ययको बजेट विवरण प्रस्तुत गर्न अनुमति चाहन्छु ।

- ❖ प्रस्तुत नीति तथा कार्यक्रम लागु गर्न आगामी आर्थिक बर्षको लागि कुल बजेट रु.३३ करोड ४१ लाख ३९ हजार अनुमान गरीएको छ भने व्यय तर्फ सबै वडा कार्यालय विषयगत शाखाहरुबाट पेश भएका र गाउँपालिका भित्र रहेका विभिन्न संघ संस्था एवं नागरिक समाज माँग एवं राय सल्लाह सुझावको रुपमा आएका योजना/कार्यक्रमहरु गाउँ सभामा विभिन्न चरणमा छलफल गरी स्वीकृत भए बमोजिम विनियोजन हुने व्यहोरा सभा सदस्यज्यूहरु लगायत सम्पुर्ण महानुभावहरु समक्ष जानकारी गराउदछु ।
- ❖ प्रस्तावित बजेटलाई गाउँपालिका, वडा कार्यालय तथा विषयगत कार्यालयबाट प्रभावकारी रुपमा कार्यान्वयन हुने व्यवस्था मिलाइनेछ गाउँ सभाबाट पारित भएपछि विस्तृत विवरण सहितको सम्पुर्ण निति, कार्यक्रम तथा बजेट समेटिएको पुस्तिका प्रकाशन गरी सबैलाई जानकारीको लागि उपलब्ध गराईने व्यहोरा जानकारी गराउँदछु ।
- ❖ गाउँपालिकामा रहने बजेटबाट वडाबाट माँग भई आएका योजनहरु,बजेट तथा कार्यक्रम समितिबाट समावेश गरिएका मध्येबाट नमुनाको रुपमा सवै वडामा पर्ने गरी योजनाहरुको बाँडफाड गरी कार्यान्वयन गरिनेछ ।
- ❖ गत आ.व.मा कार्य सम्पन्न भएका तर भुक्तानी हुन बाँकी पक्की ठोस कामको मात्र नियमानुसार भुक्तानी दिइनेछ ।
- ❖ जनसहभागिता अभिवृद्धि गर्नको लागि साझेदारी नीतिलाई प्रबर्द्धन गर्ने नीतिलाई प्रमुखता दिईनेछ ।
- ❖ गाउँपाललिका बासीका असिमित आवश्यकता र चाहनालाई पुरा गर्नको लागि सबै वडा कार्यालयहरुबाट पेश भएका योजनाहरुमा बजेट अपुग भएकोले योजनाहरुलाई एकत्रित गरी योजना बैंकको रुपमा राखिने र ति योजनाहरुको लागि लाग्ने थप रकम निकासाको लागि प्रदेश सरकार र संघिय सरकारमा माँग गरिनेछ ।
- ❖ अन्तमा प्रस्तुत नीति कार्यक्रम तथा बजेट तर्जुमा गर्न प्रत्यक्ष एवं परोक्षरुपमा अमुल्य सुझाव एवं सहयोग पुऱ्याउनु हुने नेपाल सरकार, संघिय मामिला तथा समान्य प्रशासन मन्त्रालय, माननीय सांसदज्यूहरु, वडाका अध्यक्ष एवं प्रतिनिधिज्यूहरु विषयगत समितिहरु विषयगत कार्यालय, सुरक्षा निकाय एवं सरकारी, गैर सरकारी संघ संस्थाहरु, उधोगी व्यवसायी, नागरिक समाज, आम गाउँवासी सभा तयारीको लागि अहोरात्र खटिने सबै कर्मचारहिरु प्रति अभार प्रकट गर्दै सोको कार्यान्वयनमा समेत सबैको निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद